निर्णयहरूः-

१. कोभिड-१९ बाट संक्रमित भई होम आइसोलेशनमा बसेकाहरूको नियमित निगरानी सम्बन्धित वडाका वडा समितिहरूले गर्ने र संक्रमित भई होम आइसोलेशनमा नबस्ने र जनस्वास्थ्यका मापदण्ड पालना नगर्नेहरूलाई संस्थागत आइसोलेशनमा तत्काल पठाउने व्यवस्था सम्बन्धित पालिकाहरूले गर्ने ।

२. कोभिड-१९ को संक्रमितहरू बढी रहेका स्थानहरूमा PCR र Antigen परीक्षणको दायरा बढाउन सबै स्थानीय तहहरूलाई अनुरोध गर्ने ।

३. कोभिड-१९ को यस विषय परिस्थितिमा परिवार र आफ्नो स्वास्थ्यको प्रवाह नगरी निरन्तर बिरामीको उपचारमा लागि रहनुभएका स्वास्थ्यकर्मीहरूमाथि उपचाररत बिरामीको मृत्युको विषयलाई निहुँ बनाई अमर्यादित व्यवहार गर्ने, कुटपीट गर्ने, अस्पतालमा तोडफोड गर्ने जस्ता अमर्यादित र गैरकानूनी गतिविधिमा संलग्नहरूलाई तत्काल कानूनी कारबाहीको दायरामा ल्याउने । साथै, स्वास्थ्यकर्मी, अस्पताल, सुरक्षाकर्मी एवं कोभिड-१९ रोकथाम, नियन्त्रण तथा व्यवस्थापनमा लागि रहनुभएका कर्मचारीहरूमाथि अमर्यादित र गैरकानूनी गतिविधि नगर्न, नगराउन हुन सबैमा अनुरोध गर्ने ।

४. मकवानपुर उद्योग वाणिज्य संघले आफ्नो स्वामित्वमा रहेको पल्पसा परिसरमा हाललाई ३० बेड क्षमताको पल्पसा आइसोलेशन सेन्टर सञ्चालन गर्ने ।

५. युनिलिभर नेपाल लिमिटेड, हेटौंडाले १५ थान अक्सिजन कन्सन्ट्रेटर जिल्ला कोभिड व्यवस्थापन समिति मार्फत हेटौंडा अस्पताललाई उपलब्ध गराएको बैठकमा जानकारी गराइयो ।

६. उद्योग संघ मकवानपुरले उद्योग प्रतिष्ठानहरूसँग आवश्यक समन्वय गरी उद्योग प्रतिष्ठानमा कार्यरत सम्पूर्ण मजदूर कर्मचारीहरूको एक हप्ताभित्र अनिवार्यरूपमा Antigen परीक्षण गर्ने, संक्रमितहरूलाई आइसोलेशनमा पठाउने र सोको जानकारी जिल्ला कोभिड व्यवस्थापन समिति, मकवानपुरलाई गराउने ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी